# कोशी गाउँपालिका

## आगामी आ.व.२०७५।०७६ को नीति, बजेट तथा कार्यक्रम

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार हामी नीति, कार्यक्रम तथा बजेट मार्फत आगामी आर्थिक वर्षको मार्गचित्र कोर्न गईरहेका छौं, यस क्रममा गाउँसभा सदस्य सँगै सम्पूर्ण महानुभावहरुको रचनात्मक सहयोगको अपेक्षा राखेको छु । आगामी आ.व.का लागि गाउँपालिकाले लिएको:

१. सोंच (Vision) : समृद्ध कोशी गाउँपालिकाको निर्माण

२. लक्ष्य (Goal) : उच्च स्तरको मानव विकासको अवस्था । पूर्ण रोजगारीको सुनिश्चितता सहित आत्मनिर्भर जनता ।

३. उद्येश्य (Objectives ) :

- कृषि पेशालाई आधुनिक एंव व्यावसायीक बनाउनु,
- विशेषज्ञको परामर्श एंव प्रविधिको प्रयोगले अधिकांश बलौटे भुभागलाई कृषि योग्य बनाउनु,
- स्थानीय स्तरमा रोजगारी सृजना हुने उद्योग व्यवसाय सञ्चालनका लागि पहल गर्नु ,
- शिक्षीत जनशक्तिको विकास गर्नु ,
- सिपमुलक जनशक्तिको विकास तथा स्वरोजगारीलाई प्रोत्साहन गर्नु ,
- सामाजिक सुरक्षाको नविनतम कार्यक्रमहरु सञ्चालन गरी आम जनसमुदायलाई सामाजिक सुरक्षाको ग्यारेण्टी गर्ने ,
- विपदको उच्च जोखिममा रहेको यस गाउँपालिकामा पूर्व तयारीका सुव्यवस्थापन गर्नु,
- लोकतान्त्रिक अभ्यासको विकास, सामाजिक न्याय, लैंगिक समानता तथा मानवअधिकारको प्रवर्द्धनमा विशेष ध्यान दिनु,
- सुशासनको प्रत्याभुति सहित छिटो छरितो सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता गर्नु ,
- संस्कृति प्रवर्द्धन गरी गाउँपालिकाको पहिचान कायम गर्नु,
- पर्यापर्यटनको विकास गर्नु ।

४. अपेक्षित उपलब्धी (Expected Achievement) :

- आर्थिक विकासका लागि आधुनिक खेती सँगै रोजगारीमुलक उद्योग व्यवसायको सञ्चालनमा वृद्धि हुनेछ ।
- यस गाउँपालिकामा रहेको प्रसिद्ध पर्यटकीय स्थलहरुको विकास भई कृषिमा बढी आश्रीत रहेको जनसंख्याका चाप घट्नेछ । साथै पर्यटन विकासको माध्यमबाट कोशी गाउँपालिका नमुना गाउँपालिको रुपमा चिनिनेछ ।
- शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई जस्ता अति आवश्यक सामाजिक सेवाबाट कोही पनि बञ्चित रहने छैन ।
- बालबालिका, महिला, वृद्धवद्धा, फरक क्षमता भएका व्यक्ति तथा अशक्त वर्गलाई समेत सामाजिक सुरक्षाको प्रर्याप्त व्यवस्था हुनेछ ।
- लैंगिक समानता कायम हुनेछ, साथै सामाजिक समावेशीकरणको सुनिश्चिता हुनेछ ।
- गाउँपालिकाको सबै वडामा सडक,पुल, विद्युत, सिचाई जस्ता विकासका पुर्वाधारहरु निर्माण भईसक्नेछन् ।
- गाउँकार्यपालिका, वडा कार्यालयहरु लगायत सबै कार्यालयहरुबाट सुशासनको प्रत्याभुति सहित छिटो, छरितो सेवा प्रवाह हुनेछ ।
- गाउँकार्यपालिका, वडा कार्यालयहरु, शैक्षिक संस्था तथा हरेक वडामा स्वास्थ्य चौकी, प्रहरी चौकीहरुको सुविधा सम्पन्न भवन निर्माण भई सेवा प्रवाह हुन थालेपछि जनताले वास्तविक रुपमा यो स्थानीय सरकारलाई**जनताको घरदैलोको सरकार**को रुपमा अनुभुति गर्नेछ ।

५. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु :

**नीतिगत आधार :**

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीयतहको वार्षिक योजनातथा बजेट तर्जुमादिग्दर्शन, २०७४ (परिमार्जित)
- संघीय सरकारको आवधिक योजना
- संघीय सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट
- प्रदेश सरकारको वार्षिक बजेट
- अन्य प्रचलित ऐन, नियम, कार्यविधिहरु
- स्थानीय तह निर्वाचनका बखत जनतामाँझ गरिएका बाचाहरु, जनाईएका प्रतिबद्धताहरु

- आम जनतासँग विभिन्न समयमा गरिएका औपचारिक अनौपचारिक छलफलका क्रममा प्राप्त सुझावहरु

**प्रकृयागत आधार** :

- पूर्व योजना तर्जुमा तयारी गोष्ठी
- विषयगत समितिहरुमा छलफल
- बजेट सिमा निर्धारण
- टोल, बस्ती स्तरीय योजना संकलन
- वडा स्तरीय योजना तर्जुमा तथा प्राथमिकीकरण गोष्ठी
- बजेट तर्जुमा समितिको छलफल तथा सिफारिश
- कार्यपालिका बैठकको निर्णय
- गाउँसभामा पेश, छलफल, संशोधन पश्चात पारित

६. माथि उल्लेखित गाउँपालिकाको आगामी आर्थिक वर्षको अनुमानित आम्दानीको क्षेत्रगत रुपमा कार्यक्रम बनाउँदा गाउँपालिकाले अवलम्बन गर्ने क्षेत्रगत नीति तथा आधारहरु :

**आर्थिक विकास :**

- २०६५ सालको कोशी बाढीले यहाँका किसानको उर्वर खेती योग्य जग्गा बालुवामा परिणत भएको हुँदा त्यस्ता जग्गालाई गाउँपालिकाको ब्याकुलोडरबाट लेबलिङ्ग गरी क्रमशः आधुनिक ढंगले कृषि विद्युतिकरण तथा स्टेट बोर्डिङ्ग मार्फत पूनः खेती योग्य जग्गामा परिणत गर्ने किसिमको योजना ल्याउने नीति लिएको छु ।
- कृषि पेशामा रहेको ओभर जनशक्तिलाई अन्य पेशामा आबद्ध हुन प्रोत्साहित गरिनेछ ।
- कृषि पेशामा आबद्ध जनशक्ति लाई आधुनिक तथा व्यावसायीक खेती गर्न सिप विकासमा **अध्यक्ष कृषि आधुनिकिकरण कार्यक्रम** मार्फत सहयोग गर्ने नीति लिएको छु ।
- यस गाउँपालिका क्षेत्रमा प्रचुर सम्भावना रहेको माछापालन पेशामा आबद्ध हुन चाहने युवालाई विशेष प्रोत्साहन दिईनेछ ।
- नेपालकै ठुलो सप्तकोशी नदि तथा प्रसिद्ध पर्यटकीय स्थल कोशी टप्पु वन्य जन्तु आरक्षलाई केन्द्रित गरी होमस्टे सेवाका लागि स्थानीयलाई क्षमता विकास गर्ने कार्यक्रम ल्याउने नीति लिएकोछु ।
- आन्तरिक पर्यटन विकास तथा गाउँपालिकाको दीर्घकालिन श्रोतको रुपमा समेत उपयोग गर्नको लागि कोशी गाउँपालिका क्षेत्रमा सुविधासम्पन्न पार्क निर्माणको थालनी यसै वर्ष गर्नेगरी योजना ल्याएको छु ।
- यस गाउँपालिका क्षेत्रमास्थानीयलाई रोजगारी दिन सक्ने उद्योग व्यवसाय सञ्चालन गर्न ईच्छुकलाई १० वर्ष सम्म कर छुटको सहुलियत उपलब्ध गराउने नीति लिएको छु ।
- गाउँघरमा गरिब किसान र साहुहरु बिच चर्को ब्याजदरमा हुने लेनदेनलाई निरुत्साहित गर्ने नीति लिएको छु । यसलाई कम गर्न गाउँपालिकाको केन्द्रमा मात्र केन्द्रित भईरहेको बैंक तथा लघुवित्तहरुलाई वडावडामा शाखा विस्तार गर्न समन्वय गर्नेछु । वडामा शाखा विस्तार गर्ने लघुवित्तलाई विशेष सहुलियत प्रदान गर्ने नीति लिएको छु ।
- आगामी आर्थिक वर्षको पहिलो महिना भित्र स्थानीय सहकारी कानुन निर्माण गरी आर्थिक सामाजिक क्षमता अभिवृद्धिको सम्वाहक सहकारीलाई बनाउने नीति अवलम्बन गरेको छु ।

**सामाजिक विकास :**

- विद्यालय उमेरका कोही पनि बालबालिका पढ्नबाट बञ्चित हुनु हुदैन भन्नै हाम्रो मान्यता हो । यसका लागि विद्यालय भर्ना अभियान, खाजा कार्यक्रम, छात्रवृति कार्यक्रम, पोशाक तथा पाठ्यपुस्तक उपलब्ध गराउने कार्यको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने नीति अवलम्बन गरेको छु ।
- विद्यार्थी संख्या पर्याप्त रहेको तर शिक्षक दरबन्दि नरहेको विद्यालयमा दरबन्दि थपको लागि तत्काल प्रकृया अगाडी बढाउनेछु । साथै दरबन्दि स्वीकृत भई शिक्षक पदपुर्ति नहुन्जेल सम्मको लागि त्यस्ता विद्यालयहरुमा आन्तरिक श्रोतबाट शिक्षक भर्नाको व्यवस्था मिलाउने नीति लिएको छु ।
- शिक्षकको रिक्त दरबन्दि रहेको विद्यालयमा सरुवा भई आउन चाहने शिक्षकलाई तत्काल सहुलियत तरिकाबाट सरुवा सहमति उपलब्ध गराउने नीति लिएको छु ।
- विद्यार्थी संख्या न्यून रहेको विद्यालयहरुलाई अर्को नजिकको विद्यालयसंग गाभिने नीति लिएको छु ।
- शिक्षा क्षेत्र सुधारको लागि केही विद्यालयबाट शुरु गरिएको ई-अटेन्डेन्स (विद्युतीय हाजिरी) थप विद्यालयमा जडान गरी कार्यान्वयन गर्ने तथा शिक्षक तथा कर्मचारीलाई दिने तलब भत्ताहरु सोही हाजिरी अनुसार दिने व्यवस्था मिलाउने नीति अवलम्बन गर्नेछु ।

- एक स्थानीय तहमा कम्तिमा एक वटा उच्च शिक्षा हाँसिल गर्ने शैक्षिक संस्था हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । यसका लागि यस क्षेत्रका सम्भावित विद्यालयको क्षमता अभिवृद्धि गरिदै लगिनेछ ।
- हरेक वडामा स्वास्थ्य चौकी सञ्चालन गर्ने हाम्रो प्रतिबद्धता हो । यसका लागी हाल स्वास्थ्य चौकी नरहेका वडामा तत्काल अस्थायी स्वास्थ्य चौकी सञ्चालन गराउनेछु र स्वास्थ्य चौकीहरुमा निशुल्क औषधी वितरणलाई थप प्रभावकारी बनाउने नीति लिएको छु ।
- गाउँपालिकाको केन्द्रमा स्थापना भएको बर्थिङ सेन्टरको क्षमता अभिवृद्धि गर्दै जाने नीति लिएको छु । त्यसैगरी हरिपुरमा निर्माणाधिन बर्थिङ्ग सेन्टर आगामी आ.व. देखि संचालनमा ल्याइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र कम्तिमा एउटा स्वास्थ्य चौकीमा सर्पदंशको उपचार हुने सुविधा प्रदान गर्नेगरी स्वास्थ्य चौकीको पूर्वाधार विकास गरिनेछ ।
- गाउँपालिकामा कम्तिमा १५ शैयाको अस्पताल स्थापना गर्न पहल गर्ने नीति लिएको छु ।
- चालु आर्थिक वर्षमा यस गाउँपालिका क्षेत्रभित्रका आर्थिक विपन्न समुदाय मध्ये **५०० जनालाई स्वास्थ्य बिमा सहयोग** उपलब्ध गराउने नीति लिएको छु ।
- कोशी गाउँपालिकामा उद्घाटन भएको प्रादेशिक आयूर्वेद रिसर्च सेन्टरलाई तत्काल संचालनको लागि पहल गर्नेछु । साथै यसका लागि समन्वय गरिदिनुहुन माननीय मन्त्रीज्यूलाई यसै मञ्चमा आग्रह समेत गर्दछु ।
- भारतीय सिमासँग जोडिएको हुँदा सुरक्षा दृष्टिले यो संवेदनशील क्षेत्र हो । जनताको जिउ,धन, शान्ति सुरक्षामा विशेष ध्यान पुऱ्याउनका लागि हरेक वडामा प्रहरी चौकी स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- मेलमिलापको माध्यमबाट सानातिना झै-झगडा, विवाद मिलाउँदै समाजमा सहिष्णुत्ता कायम गराउन स्थानीय न्यायीक समितिको क्षमता विकास गरिदै लगिनेछ ।
- स्थानीय न्यायीक समितिको कार्यलाई टेवा पुऱ्याउन स्थानीयस्तरमा मेलमिलापकर्ताको अवधारणा ल्याईनेछ ।
- कोशी टप्पु वन्यजन्तु आरक्षसंग जोडिएको क्षेत्रमा जंगली जनावरबाट हुने जिउधनको हानि नोक्सानीलाई निर्मूल पार्न आवश्यक योजना संचालन गर्न संघीय तथा प्रदेश सरकारसंग सहकार्य तथा समन्वयको लागि पहल गर्ने नीति लिएको छु ।
- गाउँपालिका क्षेत्रमा रहेका सुरक्षा निकायहरुसगँ सहयोगात्मक एंव समन्वयात्मक सहकार्यलाई अभिवृद्धि गर्दै जाने नीति लिएकोछु ।
- लौकही, हरिपुर र भान्टावारीमा निर्माण भई प्रयोगमा आउन नसकेको खानेपानी ट्याङकी सञ्चालनको आवश्यक व्यवस्था मिलाउनेछु ।
- प्रत्येक वडामा पूर्ण सरसफाईको कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।
- विभिन्न समुदायको मौलिक धार्मिक, सामाजिक संस्कृति प्रबर्द्धनमा गाउँपालिकाको विशेष ध्यान रहने नीति लिएको छु ।
- गाउँपालिका क्षेत्रका विपन्न बस्तीमा विवाह,ब्रतबन्ध लगायतका सामाजिक कार्यगर्न सहज बनाउन सामुदायिक भवनहरु निर्माण गर्ने नीति लिएको छु ।
- गाउँपालिका क्षेत्र भित्रको धार्मिक सांस्कृतिक, पुरातात्विक महत्वको ठाउँ, क्षेत्रको पहिचान गरी अभिलेख राखिनेछ ।
- समाजमा विकृति विसङ्गतीको रुपमा रहेको दहेज प्रथा तथा वाल विवाहलाई न्युनिकरण गर्ने नीति लिएको छु ।
- लैंगिक समानता, किशोर किशोरी शिक्षा, महिलाको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आर्थिक सामाजिक रुपमा पछि परेको लक्षित वर्गको क्षमता अभिवृद्धि तथा सिप विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरु समाजको अग्रज हो । ज्येष्ठ नागरिकको योगदानलाई कदर गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाले निर्माण गर्ने भवन तथा पूर्वाधारहरु बालमैत्री, आपाङमैत्रि हुनुपर्ने नीति अवलम्बन गरिनेछ ।
- युवाहरुमा लागुऔषधको लत्तबाट टाढा राख्न खेलकुदको विकासलाई महत्तव दिईनेछ । गाउँपालिका क्षेत्रका युवाहरुलाई खेलकुदमा लाग्न प्रोत्साहित गर्नको लागि गाउँपालिकाको तर्फबाट खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- क्षेत्रीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिने यस गाउँपालिका क्षेत्रको खेलाडीलाई गाउँपालिकाको तर्फबाट आर्थिक सहयोग प्रदान गरिनेछ । साथै यस्ता खेलाडीलाई सम्मान गर्ने नीति लिएकोछु ।

**पूर्वाधार विकास :**

- सडक सम्बन्धि योजना बनाउँदा माटो मात्र पुर्ने योजनाहरुलाई निरुत्साहित गर्ने नीति लिएको छु ।
- अति आवश्यक, आकिष्मक छोटा सडक बाहेक टुक्रे योजनामा गाउँपालिकाले बजेट विनियोजन नगर्ने नीति अवलम्बन हुनेछ ।

- आवधिक योजनाको माध्यमबाट प्रत्येक वडालाई राजमार्गसंग कालोपत्रे सडकले जोड्ने नीति लिएको छु ।
- आर्थिक वर्ष ०७६।७७ मा गाउँपालिकाका सबै वडालाई समेटने गरी **रिङ रोड** बनाईने हुँदा आगामी आर्थिक वर्ष भित्र त्यसको सम्भाव्यता अध्ययन पुरा गर्ने नीति लिएको छु ।
- उपभोक्ता समिति मार्फत काम गराउँदा योजनामा नगद, श्रम तथा वस्तुगत लागत सहभागिता बढाउने नीति लिएको छु ।
- गाउँपालिका क्षेत्र भित्रको प्राथमिकता पाप्त ठुला सडक तथा पूर्वाधारको योजनाहरुलाई वार्षिक तथा आवधिक योजनाको रुपमा निर्माण गर्न अन्तरनिकाय समन्वय गर्ने नीति लिएको छु । जस्का लागि बजेटमा समपुरक कोष राखि साझेदारीका लागि पहल गर्ने नीति लिएको छु ।
- सिंचाई पैनिका ठूला योजना गाउँपालिकाबाट सञ्चालन हुने गरी कार्यक्रम ल्याएको छु भने साना सिंचाईका लागि वडाबाट समेत अनिवार्य बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।
- सिंचाइ पूर्वाधार नपुगेको बाढी प्रभावित क्षेत्रहरुमा स्टेड वोरिङ्गको माध्यमबाट सिंचाइ सुविधा पुऱ्याउने नीति लिएको छु ।
- गाउँपालिकाको आफ्नै भवन निर्माणको थालनी यसै वर्ष देखि गर्न योजना ल्याएको छु ।
- कम्तिमा थप एक वटा वडामा स्वास्थ्य चौकी भवन र वडा कार्यालय भवन निर्माण गर्ने योजना ल्याएको छु ।
- आागामी आ.व.मा गाउँपालिका भित्र निर्माण हुने पक्कि भवनको लागि अनिवार्य नक्सा पासको व्यवस्था मिलाईनेछ ।
- विद्युतलाईन नपुगेको क्षेत्रमा विद्युतलाई विस्तार गरी प्रत्येक घरधुरीमा विद्युतको सुविधा पुऱ्याउते नीति लिएको छु ।
- कोशी गाउँपालिका क्षेत्र भित्रका सडकमा सौर्यबत्ति जडान गर्ने योजना ल्याएकोछु । पहिलो चरणमा गाउँपालिका क्षेत्र भित्रका बजारमा सौर्य बत्ति जडान गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

- गाउँपालिका क्षेत्र भित्रका बजारलाई हरित बजारको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका क्षेत्रका सम्पूर्ण घरधुरीहरुलाई **एक घर एक रुख** वितरण गरिनेछ ।
- विकास निर्माणका कार्य गर्दा रुख जोगाउन प्राथमिकता दिईनेछ । रुख काट्ने अवस्था आएमा काटिएको संख्याको दोब्बर संख्यामा रुख रोपेर मात्र योजनाको फरफारक गर्ने नीति लिएको छु ।
- गाउँपालिका क्षेत्रमा डम्पिङ साईड निर्माणका लागि सम्भाव्यता अध्ययन शुरु गरिनेछ ।
- विपद व्यवस्थापन पूर्व तयारीका सम्बन्धमा गाउँपालिकाको कार्ययोजना प्रभावकारी कार्यान्वियनको व्यवस्था मिलाईनेछ । साथै विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।
- विपद व्यवस्थापनका लागि समुदाय र सुरक्षा निकाय बिचको साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । यसका लागि सुरक्षा निकायहरुलाई आवश्यक सामाग्री सहयोग उपलब्ध गराउने योजना कार्यक्रम ल्याएको छु ।

**सुशासन तथा संस्थागत विकास**

- मानव विकास विकासको मियो हो । गाउँपालिकाले मानव विकासलाई केन्द्र विन्दुमा राखेर कुनै पनि योजना तथा कार्यक्रम सञ्चालन गर्नेछ ।
- नयाँ स्थानीय तहको नयाँ व्यवस्था, नीति, कानुन लगायतका विकासमा जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासको कार्यक्रमहरु सञ्चालन गर्ने, यस्ता कार्यक्रमहरुमा सहभागि हुन पठाउने, अन्य स्थानको अभ्यासको विषयमा अवलोकन गर्ने जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।
- भौतिक पूर्वाधार सम्पन्न तथा दक्ष जनशक्तिले मात्रै जनतालाई सन्तुष्टि हुने गरी सेवा प्रवाह गर्न सक्छ । तसर्थ गाउँपालिका तथा वडा कार्यालयहरुको क्षमता विकासमा विशेष ध्यान पुऱ्याईनेछ ।
- गाउँपालिकामा राजश्व शाखाको गठन गरी राजश्व प्रशासनलाई चुस्त दुरुस्त बनाइनेछ । साथै राजश्वका थप श्रोतहरु पहिचान, निर्माण गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- सेवा प्रवाहका लागि आधुनिक सुचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय क्षेत्रको प्रचार प्रसारमा स्थानीय सञ्चारमाध्यमहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र फ्रि वाईफाई जोनको रुपमा विकासको थालनी गरिनेछ ।
- स्थानीय स्तरमा सञ्चारकर्मीलाई प्रोत्साहित गर्ने नीति लिएको छु ।
- गाउँपालिका तथा मातहतका कार्यालयहरुले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।
- सम्पन्न भएका योजनाहरुको सामाजिक परिक्षण गर्ने अभ्यासको थालनी गरिनेछ ।

- उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।
- यस क्षेत्र भित्र काम गर्ने सरकारी/गैह्सरकारी संघ संस्थाहरुलाई नियमनको व्यवस्था मिलाईनेछ र कार्यक्षेत्रमा दोहोरोपन (Overlapping) नहुने गरी समन्वय गरिनेछ साथै उत्कृष्ट सेवा प्रवाह गर्ने संघसंस्थालाई पुरस्कृत गरिनेछ।

नागरिक सन्तुष्टि नै हाम्रो चाहना हो। हाम्रो सेवाबाट नागरिक सन्तुष्ट रहे नरहेको विषयमा समय समयमा स्वतन्त्र निकायबाट नागरिक सन्तुष्टिको व्यवस्था मिलाईनेछ।